# सुत्केरी र जुम्ल्याहा शिशुलाई हेलिकोप्टरमार्फत लगियो अस्पताल

**सिम्रिक सम्वाददाता**
**खोटाङ, ३२ असार**

स्वास्थ्यमा समस्या देखिएपछि खोटाङको केपिलासगढी गाउँपालिका-४ बाक्सिलाकी ३० वर्षीय सुत्केरी उर्मिला बिक र नवजात शिशुलाई हेलिकोप्टरमार्फत अस्पताल लगिएको छ । जिल्ला अस्पताल दित्तेलमा शुक्रबार राती शल्यक्रिया गरेर सुत्केरी भएकी उर्मिला र जुम्ल्याहा शिशुको स्वास्थ्यमा जटिल समस्या निम्तिएपछि राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गतको हवाई सेवाबाट खर्च व्यहोर्ने गरी शनिबार हेलिकोप्टरमार्फत काठमाडौं लगिएको हो ।३० महिनामै बच्चा जन्मिएको, अवधि नपुग्दै जन्मिएका कारण नवजात शिशुको तौल कम भएकाले आइसियुमा राख्नुपर्ने अवस्था देखिएको र सुत्केरीको स्वास्थ्यमा पनि समस्या देखिएपछि अन्य रेफर गरिएको जिल्ला अस्पताल खोटाङका प्रमुख डा। नितु लामाले बताइन् । सुत्केरी तथा नवजात शिशुलाई प्रशुतीगृह थापाथली लगिएको छ । उर्मिला दोस्रोपल्ट सुत्केरी भएकी हुन् । प्रसव व्यथा लागेपछि उनलाई शुक्रबार राती जिल्ला अस्पताल भर्ना गरिएको थियो ।

जिल्ला अस्पतालको पत्रका आधारमा राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तरगतको हेलिकोप्टर व्यवस्थाका लागि जिल्ला प्रशासन कार्यालयले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रपति महिला उत्थान कार्यक्रम समन्वय इकाई, सिंहदरबारलाई पत्र पठाएको थियो । प्रशासनले पठाएको पत्रका आधारमा राष्ट्रपति महिला उत्थान कार्यक्रम समन्वय इकाईले सुत्केरी र नवजात शिशुको उद्धारका लागि हेलिकोप्टर पठाएको हो । 'अवधि नपुग्दै शल्यक्रिया मार्फत बच्चा जन्मिएको छ । बच्चा एकदमकै सानो छ । तौल पनि कम छ,' डा। लामाले भनिन्, 'आइसियुमा राख्नुपर्ने अवस्था भएपछि सुविधा सम्पन्न अस्पताल लैजान रेफर गरेका हौं । सेवाबाट दर्जनौं गर्भवती तथा सुत्केरी महिलाको उद्धार गरिसकिएको छ ।

## हेडसर...

हामीले सोचेका थिएनौं ।' अध्यक्ष राईले स्टाटसमै गुनासो पनि गर्नु भएको छ । जसमा ' यो ठाउँ भनेको तपाई जन्मेको हुर्केको र तपाईलाई तपाँई बनाएको गाउँठाउँ र स्कूल हो । आज स्कूल ढलान रहेछ हिजो नै तपाई चुवाडे घर भर्नु भएछ । स्कूलको ढलान सकेर भर्नु भएको भए के हुन्थ्यो ?' पालिका अध्यक्ष राईले हेडसर खिलराजलाई सम्झाउँदै भन्नु भएको छ, 'हेड सर कस्तो हुनु पर्छ र स्कूल कसरी चलाउनु पर्छ भन्ने कुरा अरूठाउँको होईन हाम्रै लिम्चुबुङ वडा नं. ४ को श्री क्याप्टेन पर्शुराम पद्याराई १-१२ को पालिकाको नमुना विद्यालयको हेडसर श्री ज्ञावनशेर राईबाट विद्यालयको प्रशासन कसरी चलाउनु पर्छ ? स्कूलको नेतृत्व कसरी हाक्नु पर्छ भन्ने कुरा त्यहाँ गएर हेर्नु होस, बुझ्नु होस, हेरर सिक्नुस नत्र भने हेडसर भनेको समय बिताउने र जागिर खाने भाँडो मात्र होईन होलायदि चलाउन सक्नु हुन्न भने आफ्नो जिम्मेवार अरू कर्मठ र सकृय सहकर्मीहरूलाई हस्तान्तरण गरेर महान कार्य गर्नुस । सबै को भलो यहि हुनेछ ।'

अब देखि सबै जनप्रतिनिधि, कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी र सबै राजनितिज्ञहरूले समयलाई बुझ्ने, समयको पालना गर्ने र आफ्नो जिम्मेवारी, महत्व, भूमिका र आनिबानी सुधार गरौं । नियम पालन नगर्ने आफ्नो भूमिका माथी लापरवाही गर्ने नेता, जनता, कर्मचारी सबैको बारे आवाज उठाने पर्छ । धन्यवाद ।'

पालिका अध्यक्ष राईले अर्को पनि फेसबुक स्टाटस लेखेका छन् ।

उनको फेसबुक स्टाटसमा 'बिचार गर्दा हुन्छ, जति सहनु ५ वर्ष सहेर बसियो अब लिम्चुङबुङमा बाहाना र नाटक गर्ने, अनुशासन हिन, भेलीहरूको दिन गयो, कुरा सिधा छ । जस्तो सुकै जोखिम उठाउन तयार भई सकेको छु ।'

## आजको राशिफल

- ज्यो.प. मुकुन्दप्रसाद

मेष - आज सामाजिक कार्यमा मन जानेछ ।
बृष - आज नयाँ कमको थालनी हुनेछ ।
मिथुन - आफन्तको प्रगतिमा मन रमाउनेछ ।
कर्कट - आज महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।
सिंह - धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् ।
कन्या - आज महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ ।
तुला - आज शुभकार्यको चर्चा चल्नेछ ।
बृश्चिक - आज आफन्त व्यक्तिले काम बिगारिदिने सम्भावना बलियो रहेको छ ।
धनु - मन पर्ने व्यक्तिसँग भेटघाट हुनेछ ।
मकर - आज रमणीय र सुखद यात्राको योग छ ।
कुम्भ - आज आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।
मीन - आज आर्थिक कारोबारमा मन्दी आउनेछ ।

# कटारी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**कटारी,उदयपुर**

प्रदेश नं. १ , नेपाल

## आन्तरिक आय सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**दोस्रो पटक प्रकाशित मिति .२०७९/०४/०१**

आ.व. २०७९/२०८० को लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम जडिबुटी, कवाडी र जिवजन्तु कर वापत आय संकलन कार्यका लागि शिलबन्दी दरभाउपत्रद्धारा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुँदा ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र तथा अन्तिम आ.व.को कर चुक्ताको प्रमाणित प्रतिलिपीहरु तथा उक्त कार्य गर्न योग्य भएको स्व घोषणा पेश गरी निम्न सर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ । यो सूचना यस कार्यालयको http://www.katarimun.gov.np मा पनि हेर्न सकिनेछ ।

**निम्न**

| सि.न | आय ठेक्का नं. | ठेक्काको विवरण | न्युनतम अंक ( **कर वाहेक)** | न्युनतम अंक ( **कर सहित**) | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०७–२०७८/०७९ | जडिबुटी, कवाडी र जिवजन्तु कर (**वार्षिक**) | ५,००,००० | ५,६५,००० | १००० |

**बोलपत्र सम्बन्धि शर्तहरु :**

१. दरभाउपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि ७ औ दिन सम्म कार्यालय समय भित्र शिलबन्दी दरभाउपत्र फारम रु १०००।- नगद दाखिला गरि यस कार्यालयबाट खरिद गर्न सकिने छ र दरभाउपत्र बुझाउँदा यस कार्यालयबाट खरिद भएका दरभाउपत्र ८ औ दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ। दाखिला हुन आएका दरभाउपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा प्रतिनिधीको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. खरिद भएको शिलबन्दी बोलपत्र फारम कवोल अंकको २.५ प्रतिशत रकम नगदै राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको यस कार्यालयको धरौती खाता नं. २०५०१००३०३००००२ मा दाखिला गरेको सकक्ल भौचर वा कम्तिमा ९० दिन म्याद भएको बैंक जमानी पत्र ( BANK BID BOND) संकलन गरी रीत पूर्वक सहि छाँप तथा शिलबन्दी गरि दरभाउपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिने छ।

३. ठेक्का को अवधि २०८० आषाढ मसान्त मसान्त सम्म हुनेछ।

४. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि कवोल अंकाको रकम यस कटारी न.पा.को रा.ब.बैंक कटारी शाखाको आन्तरिक राजश्व शाखा खाता नं. २०५०१००३०१०१०००२ मा एकमुष्ट रकम जम्मा गरेपछि मात्र सम्झौता गरी नियमअनुसार चलान पुर्जी दिईनेछ। ठेकेदारले ठेक्का स्वीकृत भएपछि कवोल अंकको १३ प्रतिशत मुल्य अभिवृद्धि करको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरी सोको प्रमाण नगरपालिकामा पेश गर्नुपर्नेछ।

५ तोकिएको किस्ता म्याद भित्र नबुझाएमा ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट अशुल उपर गरिनेछ। अशुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतीपूर्ती समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ।

६. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**




CamScanner